**न्यायप्रेमी सम्पुर्ण वडाबासी बुवाआमा, दाजुभाई, दिदिबहिनी र अग्रजहरुमा हार्दिक अभिवादन !**

भिमाद नगरपालिका–९ लाई सम्बृद्ध र आत्मानिर्भर बनाउनलाई आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेकपा एमालेको तर्फबाट वडाध्यक्षमा रनबहादुर थापा, खुला वडा सदस्य शिवकुमार आले, रुद्रबहादुर क्षेत्री, खुला महिला सदस्य ओमकुमारी थापा र दलित महिला सदस्य दिलमाया ब स्यालले उम्मेद्वारी दिएका छौं । संघियता कार्यन्वयनसँगै मुलुकमा दोस्रो पटक स्थानीय तहको निर्वाचन हुदैंछ । सम्पुर्ण वडाबासी आमाबुवा , दिदिबहिनी, दाजुभाइमा विगतको स्थानीय निर्वाचनमा जस्तै नेकपा एमालेको सूर्य चिन्हमा छाप लगाई वडाध्यक्ष सहित सम्पुर्ण वडा सदस्यका उम्मेदवारहरुलाई अत्याधिक मतले विजयी गराउन हार्दिक अपिल गर्दछौं ।वडाबासीलाई उत्पादनसँग जोड्दै आर्थिक सम्बृद्धी र आत्मानिर्भर बनाउने हाम्रो लक्ष्य हुनेछ ।दिगो विकासका निम्ति आधारभुत कामको थालनी हुनेछ । जबसम्म उत्पादनमा आत्मानिर्भर बन्दैनौं तबसम्म विकास र सम्बृद्धी हासिल गर्न सक्दैनौं । तसर्थ निर्वाहामुखी कृषि खेती प्रणाली, पशुपालनलाई व्यवसायीक बनाई उन्नत विधि तथा प्रविधिहरु प्रयोग गर्नका निम्ति किसानसँग सहकार्य गर्नेछौं ।

**वडामा हामी निर्वाचित भएको खण्डमा तपशलिका कामहरु गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।**

- वडाबासीलाई सिंहदरबारको अधिकार गाउँमा आएको महशुस गराइनेछ । जनताको सुख दुखमा सदैव जनप्रतिनिधिको साथ रहनेछ ।
- छिटो, छरितो र पारदर्शी सेवा प्रवाह हाम्रो कर्तव्य हुनेछ ।
- वडाबासीलाई वडा कार्यालयको सेवाबारे जानकारी लिनलाइ पैसा नलाग्ने निशुल्क टोल फ्रि नम्बरको व्यवस्था मिलाईनेछ ।
- वडाबासीलाई अति आवश्यक आधारभुत आवश्यकता घनिभुत छलफलको माध्यमबाट पहिचान गर्दै समाधानतर्फ लाग्नेछौँ । हाम्रो पाँच बर्षे कार्यकाल दिगो शान्ति र दिर्घकालिन प्रभाव रहने योजनामा केन्द्रित रहनेछ । जनताको दैनिकीसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरु हाम्रो प्राथमिकतामा सदैव पर्नेछ ।
- वडाबासीको चेतनाकोस्तर , आर्थिकस्तर र जिवनस्तर सुधारमा केन्द्रित हुनेछौँ ।
- पाँच बर्षमा कम्तिमा वडाको एउटा गाउँलाई नमुना बनाउनेछौँ ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाका लागि कृषि र पशुपालनमा लाग्न प्रोत्साहित गर्दै स्वरोजगार र आत्मानिर्भर बनाउन जोडबल हुनेछ । वैदेशिक रोजगारीमा जानैपर्ने युवाहरुको बाध्यात्मक परिस्थितीको अन्त्य गर्नतर्फ लाग्नेछौँ ।
- युवाहरुको सिप तथा उद्यमशिलता विकासका लागि विशेष प्याकेज निर्माण गरिनेछ ।
- बाख्रा पालनले आत्मानिर्भर बन्दै गईरहेको पाथर्दी गाउँको सिको गर्दै सम्भावना भएका अन्य गाउँमा पनि बाख्रा पालनलाई विस्तार गरिनेछ । बाख्रा पालनमा लाग्न चाहाने हरेक किसानलाई प्रोत्साहन गर्नेछौँ ।
- किसानको पहुँचमा पुग्ने गरी भेटेरिनरी सेवाको व्यवस्थापन हुनेछ ।
- अस्पाक्दीमा सुन्तला खेतीको क्षेत्र विस्तारसँगै सम्भावना भएका अन्य गाउँहरुलाई निशुल्क सुन्तलाको विरुवासँगै प्राविधिक ज्ञानको उपलब्धता गराईनेछ । सुन्तला पकेट क्षेत्र निर्माण गर्नेछौँ ।
- समृद्ध जिवन सुनौलो कृषि अभियान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- मौरी पालनलाई विशेष जोड दिदैँ उद्यममा विकास गरिनेछ ।
- ‘एक गाउँ, एक उत्पादन’ कार्यक्रम लागु हुनेछ । हरेक घरलाई उत्पादनसँग जोडिनेछ । किसानले उत्पादन गरेको उत्पादित कृषि उपजको बजारीकरणको व्यवस्था वडा कार्यालयबाट मिलाइनेछ ।
- गाउँमा उत्पादन भएका गुन्द्रुक , सिन्की, मस्यौरा लगायतका घरेलु उत्पादनलाई ब्राण्डिङ गर्दै बजारीकरणको व्यवस्था मिलाईनेछ । गृहणीलाई आम्दानीसँग जोड्न विशेष सिप विकासका लागि तालिमको व्यवस्था गरिनेछ
- कृषि र पशुपालनका लागि अनुदानमा आधुनिक औजार वितरण गरिनेछ ।
- कृषि, पशुपालन र उद्यम लाग्नेहरुलाई उत्प्रेरणाका लागि विशेष सम्मान गरिनेछ ।

- 'एक घर एक धारा ' खानेपानीलाई पुर्णता दिदैँ थप व्यवस्थित पारिनेछ। खानेपानीको मुल संरक्षणको अभियान सञ्चालन गरिनेछ। पानीको मुल संरक्षण गर्न अग्ला डाँडाहरुमा रिचार्ज पोखरीको निर्माण हुनेछ।
- बुचाखानी माविलाई नमुना विद्यालय बनाईनेछ। प्राविधिक विषयको कक्षा सुरु गर्न सम्भाव्यता अध्ययन गरिनेछ। कक्षा ६ माथिका विद्यार्थीलाई सिप सिकाउने व्यवस्था मिलाईनेछ।
- शिक्षक, विधार्थी र अभिभावकको क्षमता अभिवृद्धीका लागि कार्याशाला गोष्ठिहरु बर्षेनी आयोजना गरिनेछ।
- वडामा रहेका हरेक विद्यालयलाई प्रविधिमैत्री बनाईनेछ। स –साना बालबालिकाका लागि मन्टेश्वरी कक्षाको व्यवस्थापन हुनेछ। बालबालिका पढाउनलाई शहर झर्नुपर्ने परिपाटीको अन्त्य हुनेछ। बालमैत्री शिक्षणमा जोड दिइनेछ।
- विद्युतीकरणमा हाल भएका काठका पोलहरु विस्थापित गरी स्टिल पोलहरु राखिनेछ र आवश्यकता अनुसार ट्रान्सफर्मरको क्षमतामा वृद्धि गरिनेछ।विद्युत सेवालाई दिगो र गुणस्तरिय बनाउन विशेष पहल गरिनेछ।
- स्वास्थ्य संस्थाहरुलाई अझ सबल बनाउदै गुणस्तरिय सेवा प्रदान हुनेछ।
- स्वच्छ सफा हराभरा बातारण निर्माण गर्नका लागि विशेष कार्यक्रम मार्फत पहल गरिनेछ।
- आकस्मिक उद्धारका लागि वडाबासीलाई पायक पर्ने स्थानमा हेलिप्याडको निर्माण गरिनेछ।
- आमा समूह , टोल विकास संस्था तथा युवा क्लबहरुलाई उत्साहजनक सहयोग पुर्याइनेछ।
- अपाङ्गमैत्री सार्वजनिक पुर्वाधारहरु तयार हुनेछन्।
- सडक, सामुदायिक भवन , पार्टी पौवा , खानेपानी जस्ता पुर्वाधारको स्तरोन्नती हुनेछ।
- कच्ची सडकहरुलाई ग्राविल गरी, पक्की नाला निर्माण गर्न र कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ।
- धन्दुर सिद्ध गुफा , चमेरो गुफा, घाङ्च ल्हुम, पाइमीको भ्यु टावर , इलुङ झरना, पाथर्दीको बाख्रा पालन , अस्पाक्दीको सुन्तला खेतीलाई पर्यटनसँग जोड्नेछौँ। पर्यटनको माध्यमबाट पनि आत्मानिर्भर बनाउने हाम्रो मुख्य लक्ष्य हुनेछ। साथै वडामा सम्भावित पर्यटकीय गन्तव्यहरुको पहिचान गर्दै प्रचारमा ल्याइनेछ।
- गुरुङ, मगर लगायत जनजाती समुदायको संग्राहालय निर्माण गरिनेछ। कला, सँस्कृति र परम्पराको जगेर्नामा लगानी हुनेछ।
- खेल मैदानलाई व्यवस्थित गराउदै व्यवसायीक खेलाडी उत्पादनका लागि प्रशिक्षणको व्यवस्था गरिनेछ। विशेष खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ। 'एक टोल एक व्यविस्थत खेल मैदान ' को अवधारणालाई अगाडी बढाइनेछ।
- श्रम बजारमा प्रतिष्पर्धा गर्न सक्नेगरी दक्ष कामदार उत्पादनका लागि तालिम सञ्चालन गरी सिप विकासको प्रमाणपत्र उपलब्ध गराईनेछ। साथै वडामा हुने विकास निर्माणका योजनामा वडाबासी कामदारलाई पहिलो प्राथमिकता दिइनेछ।
- महिला तथा युवा लक्षित आधारशिला तालिम सञ्चालन गरि क्षमता अभिवृद्धी गराईनेछ।
- दलित समुदायको सिपलाई व्यवसायिक उद्यममा रुपान्तरण गरिनेछ।
- अपांग, अशक्त र ज्येष्ठ नागरिकलाई घरदैलोमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनेछौँ।

अन्त्यमा नेकपा एमालेको तर्फबाट भिमाद नगरपालिका –९ को वडाध्यक्षमा रनबहादुर थापा , खुला वडा सदस्यमा शिवकुमार आले , रुद्रबहादुर क्षेत्री, खुला महिला सदस्यमा ओमकुमारी थापा र दलित महिला सदस्यमा दिलमाया बसेललाई सूर्य चिह्नमा मतदान गरी अत्याधिक बहुमतले विजयी गराउनु हुन सम्पुर्ण वडाबासीमा हार्दिक अनुरोध गर्दछौँ।हामीलाई विजयी गरा उनु भए को खण्डमा हाम्रो प्रतिबद्धता अक्षरंश पालन गर्दै कार्यन्वयन गर्नेछौं वडालाई नमुना बनाउनेछौं ।

धन्यवाद!